QUESTION BANK NEPAL

## • वस्तुगत प्रश्नोत्तर

**१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट)द्वारा विज्ञान प्रविधिको विकास र प्रवर्द्धन गर्ने उद्देश्यका साथ युवा वैज्ञानिक फोरम (वाईएसएफएन)को औपचारिक उद्घाटन कहिले भएको हो ?**

✍ विक्रम संवत् २०७७ असोज ९

- नास्टद्वारा सन् २०१८ मा नै फोरमको स्थापना गरिएको। दुई वर्षपछि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलद्वारा भर्चुअल कार्यक्रममार्फत सो फोरमको औपचारिक रूपमा उद्घाटन गरिएको।
- स्वदेश तथा विदेशमा रहेका नेपाली अनुसन्धानकर्ताहरूबीच समन्वय र सहकार्य विस्तार गर्दै विज्ञान क्षेत्रको विकास गर्ने उद्देश्यले फोरमको स्थापना भएको।
- यो संस्था सरकारी संयन्त्रद्वारा गठित एकमात्र युवा वैज्ञानिक फोरम रहेको नास्टले जनाएको।
- फोरमले विश्व युवा वैज्ञानिक प्रतिष्ठानको नेपाल च्याप्टरको पनि मान्यता प्राप्त गरेको।

**२. विश्व बौद्धिक सम्पत्ति सङ्गठनद्वारा जारी गरिएको अर्थतन्त्रमा नव प्रवर्तन (इनोभेसन)को मापनसम्बन्धी प्रतिवेदन २०२० अनुसार नेपाल कतिऔँ स्थानमा रहेको छ ?**

✍ ९५औँ

- प्रतिवेदनमा समेटिएका १३१ अर्थतन्त्रमध्ये नेपाल ९५औँ स्थानमा रहेको।
- पछिल्लो समय प्रविधिको प्रयोग, इ-कमर्स र भुक्तानी प्रणालीको अभौतिकीकरणमा भएको सुधारजस्ता कुराले नेपाललाई उक्त सूचीमा आफ्नो स्थान उस्कान सघाउ पुगेको।
- १६ वटा न्युन आय भएका मुलुकको सूचीमा नेपाल उत्कृष्ट तीनमा पर्न सफल भएको।

**आयस्तरअनुसार नव प्रवर्तनमा आधारित उत्कृष्ट अर्थतन्त्र**

| क्र.सं. | उच्च आय समूह | उच्च-मध्यम आय समूह | न्यून-मध्यम आय समूह | न्यून आय समूह |
|---|---|---|---|---|
| १ | स्वीट्जरल्यान्ड | चीन | भियतनाम | तान्जानिया |
| २ | स्वीडेन | मलेसिया | युक्रेन | रुवान्डा |
| ३ | अमेरिका | बुल्गेरिया | भारत | नेपाल |

**३. जनकपुरदेखि भारतको जयनगरसम्म सञ्चालनका लागि हालै दुईवटा रेल कहिले नेपाल ल्याइएको हो ?**



✍ विसं २०७७ असोज २

**४. गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को दोस्रो विश्व स्वास्थ्य सम्मेलन कहिले सम्पन्न भयो ?**

✍ विसं २०७७ असोज २-४ (सन् २०२० सेप्टेम्बर १८-२०)

- सम्मेलनले २६ बुँदे विश्व नेपाली स्वास्थ्य घोषणापत्र जारी गरेको।
- विश्वभरि छरिएका सबै स्वास्थ्यकर्मीलाई एकैठाउँमा समेट्ने, नेपाली नर्सहरू तथा मानसिक रोग विशेषज्ञहरूको विश्वव्यापी सञ्जाल निर्माणमा जोड, जडीबुटीजन्य औषधिको उत्पादन तथा विकासमा जोड, मातृशिशु स्वास्थ्य, बालबालिका, किशोर-किशोरी तथा युवावस्थाको स्वास्थ्य, दीर्घरोग व्यवस्थापन, सामाजिक चेतना अभिवृद्धिका लागि सबै स्वास्थ्यकर्मीको ऐक्यबद्धतालगायत विषय घोषणापत्रमा समेटिएको।

**५. नेपालमा हुने साइबर अपराधसम्बन्धी गतिविधिविरुद्ध नेपाल र चीनद्वारा सञ्चालित 'अपरेसन'लाई के भनी चिनिन्छ ?**

✍ चार्ली फोक्स्टर

**६. नेपालमा पेट्रोल र डिजेलमा स्वचालित मूल्य प्रणाली कहिलेदेखि लागू गरिएको हो ?**

✍ विसं २०७१ असोज १३

**७. फेसियल भेरिफिकेसन (मुहार प्रमाणीकरण) प्रयोगमा ल्याउने विश्वकै पहिलो राष्ट्र कुन हो ?**

✍ सिङ्गापुर

- सिङ्गापुरले आफ्नो नेसनल आइडेन्टिटी स्किमअन्तर्गत फेसियल भेरिफिकेसन पद्धति अपनाउने भएको। योसँगै सिङ्गापुर फेसियल भेरिफिकेसनमार्फत नागरिकको पहिचान गर्ने विश्वकै पहिलो मुलुक बनेको।
- उक्त बायोमेट्रिक सुविधाको प्रयोगबाट सिङ्गापुरका नागरिकले निजी र सरकारी सेवाहरू प्राप्त गर्न सक्नेछन्।

**८. विश्वका ५० देशका राष्ट्रिय गीत गाएर आफ्नो प्रतिभा प्रस्तुत गर्ने कलाकार को हुन् ?**

✍ रामजी नेपाली (बागलुङ) (फोटो है)

- विश्व पर्यटन दिवस-२०२० को अवसरमा उनले विश्वका ५० देशका राष्ट्रिय गीत गाएर विश्व बन्धुत्व, साँस्कृतिक पर्यटन र सद्भावनाको सन्देश प्रवाह गरेका।
- फरक भाषा, शैली र लयमा रचित ५० देशका राष्ट्रिय गीत सुन्दा उपस्थित श्रोता आश्चर्य र अनौठो अनुभव गरेका।
- सन् २०१५ देखि विश्वयात्राका अभियानमा अघि बढ्दै आएका गायक नेपाली कोरोना त्रास कम भएपछि पुनः आफ्नो विश्व यात्रा सुरु गर्ने बताएका।
- हाल ५६ देशका राष्ट्रियगानमा अभ्यस्त नेपालीले एक सय ३० भन्दा बढी देशमा पुग्ने र सबै देशको राष्ट्रियगानलाई न्याय गर्ने लक्ष्य रहेको बताएका।

**९. सात कुण्डको जिल्ला भनी रसुवालाई, सात तालको जिल्ला भनी कास्कीलाई चिनिन्छ भने सात पोखरीको जिल्ला भनी कुनलाई चिनिन्छ ?**

✍ काठमाडौँ

**१०. विश्व पर्यटन दिवस कहिले मनाइन्छ ?**

✍ सेप्टेम्बर २७

- सन् १९७० सेप्टेम्बर २७ मा संयुक्त राष्ट्रसङ्घीय विश्व पर्यटन सङ्गठनको स्थापना भएपश्चात् सोही दिनको स्मरणमा सन् १९८० देखि यो दिवस मनाउन थालिएको।
- सन् २०२० मा यो दिवस 'टुरिजम : बिल्डिङ पिस, फोस्टरिङ नलेज' नाराका साथ मनाइएको।

**११. सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश अनिरुद्धप्रसाद सिंहको निधन कहिले भएको हो ?**

✍ विसं २०७७ भदौ ३०

**१२. नागरिक लगानी कोषद्वारा सञ्चालनमा ल्याइएको नागरिक पेन्सन योजनाअनुसार पेन्सन पाउनका लागि बचतकर्ताले सामान्यतया कति वर्षसम्म रकम जम्मा गर्नुपर्ने प्रावधान रहेको छ ?**

✍ १५ वर्ष

- सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्ने, त्यस्तो बचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले यो योजना ल्याइएको।
- यस योजनामा कानुनबमोजिम स्थापना भएका सङ्घ संस्था एवम् प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने।
- कोषमा बचतकर्ताले न्यूनतम मासिक पाँच सय रुपियाँदेखि अधिकतम आम्दानीको क्षमताअनुसार १० ले भाग जाने अङ्कको रकम मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रूपमा बुझाउन सक्ने।
- तोकिएको समयमा बुझाउन नसकेमा विलम्ब शुल्क तिरेर किस्ता नियमित गर्न सकिने कोषले जनाएको।
- कुनै अवस्थामा बचतकर्ताको आयस्रोत गुमेमा वा अशक्त भई आयआर्जन हुन नसकेमा, बसाइँ सरी बिदेसिने अवस्था भएर योजनाबाट अलग हुन चाहेमा कोषमा जम्मा भएको रकमको साँवा-व्याज एकमुष्ट प्राप्त गर्न सकिने तर यसका लागि नियमित बचत भएको कम्तीमा दुई वर्ष पूरा भएको हुनुपर्ने।
- सहभागीले गरेको बचत, त्यसको व्याज र कोषको लगानीबाट प्राप्त प्रतिफलसमेत जोडेर हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा आउने रकम प्रत्येक महिना पेन्सनका रूपमा जीवनभर पाउन सकिने।
- त्यस्तै, सहभागीले पेन्सन प्राप्त गर्न सुरु गरेपछि निजको मृत्यु भएमा मृतकका पति वा पत्नीलाई निजले पाइरहेको रकमबराबर नै पारिवारिक पेन्सन प्रदान गरिने।
- यस योजनामा नेपाल सरकार वा अन्यत्रबाट पेन्सन पाइरहेका व्यक्ति पनि सहभागी हुन सक्ने जनाइएको।

**१३. सरकारले कृषि तथा वनविज्ञान विश्वविद्यालयको उपकुलपतिमा कसलाई नियुक्त गर्‍यो ?**

✍ प्रा.डा. पुण्य रेग्मी (विसं २०७७ असोज)
(त्यस्तै, नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. यादवप्रकाश लामिछानेलाई नियुक्त गरिएको।)

**१४. अन्तर्राष्ट्रिय क्रिकेटमा अर्धशतक प्रहार गर्ने विश्वकै कान्छा खेलाडीको कीर्तिमान बनाउन सफल क्रिकेटर को हुन् ?**




✍ कुशल मल्ल (नेपाल) (फोटो है)

- आईसीसी विश्वकप लिग-२ शृङ्खलाअन्तर्गत अमेरिकाविरुद्ध (२०७६ माघ २५ मा) त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा कुशलले अर्धशतक प्रहार गरी सो कीर्तिमान कायम (१५ वर्ष ३३५ दिनको उमेरमा) गरेका। कुशलको कीर्तिमान एकदिवसीयमा मात्रै नभई, समग्र क्रिकेटमा हो।
- यसअघि नेपालकै रोहितकुमार पौडेलको नाममा यो कीर्तिमान थियो। रोहितले १२ माघ २०७५ मा युएईविरुद्ध दोस्रो एकदिवसीय खेलमा ५५ रन प्रहार गरी कीर्तिमान बनाएका (१६ वर्ष १४६ दिनको उमेरमा) थिए। रोहितको कीर्तिमान तोड्ने कुशलको संयोग रोचक छ। अमेरिकाविरुद्धको खेलमा कुशलले रोहितकै स्थानमा रहेर खेल्ने मौका पाएका थिए। जसको ठाउँमा खेल्न पाए, उसैको कीर्तिमान तोडिदिए।
- रोहितअघि एकदिवसीयतर्फ कम उमेरमा अर्धशतक प्रहार गर्ने कीर्तिमान पाकिस्तानी क्रिकेटर साहिद अफ्रिदीको नाममा थियो।

**१५. कीर्तिमानी आरोही आङ्रिता शेर्पाको निधन कहिले भएको हो ?**

✍ विसं २०७७ असोज ५

**१६. कुनै भौतिक परिमाण मापनका लागि बनाइएको स्टान्डर्ड परिमाणलाई के भनिन्छ ?**

✍ एकाइ (युनिट)
(भौतिक परिमाणका एकाइहरूलाई आधारभूत एकाइ र तत्जन्य एकाइ गरी दुई भागमा विभाजन गरिएको।)

**१७. नेपालमा सर्वप्रथम कागजी मुद्रा कहिलेदेखि प्रचलनमा ल्याइएको हो ?**

✍ विसं २००२ असोज १

- नेपालमा राणा प्रधानमन्त्री जुद्धशमशेरले एक अध्यादेश जारी गरी विसं २००२ असोज १ देखि कागजी मुद्रा प्रचलनमा ल्याएका थिए।
- पहिलोपटक रु. एक सय, रु. १० र रु. पाँच दरका कागजी नोट जारी गरिएको थियो।
- सदर मुलुकीखानाबाट जारी गरिएको ती नोटहरूमा दस्तखत गर्ने खजाञ्ची जनकराज थिए।

१८. 'ब्लु टुथ' भन्नाले के बुझिन्छ ?

✍ छोटो दूरीको वायरलेस फाइल आदान-प्रदान गर्ने प्रविधि

**१९. एसिया को-अपरेसन डाइलग (एसीडी)को स्थापना कहिले गरिएको हो ?**

✍ सन् २००२ जुन १८
(नेपाल सन् २०१६ मार्च १० मा एसीडीको सदस्य बनेको। हाल एसीडीमा नेपालसहित ३४ राष्ट्र रहेका।)

**२०. नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी)मा नेपालतर्फबाट संयोजकको जिम्मेवारी कसलाई दिइएको हो ?**

✍ डा. भेषबहादुर थापा (भारततर्फबाट : भगतसिंह कोसियारी)

**२१. चलचित्रका क्षेत्रमा नोबेल पुरस्कारका रूपमा मानिने प्रसिद्ध ओस्कार अवार्ड पहिलोपटक कहिले प्रदान गरिएको थियो ?**

✍ सन् १९२९
(सन् १९२९ मा स्थापित यो पुरस्कार पहिलोपटक सन् १९२९ मा 'विङ्स' चलचित्रलाई प्रदान गरिएको थियो।

**२२. पोथी सुँगुरलाई भुनी भनिन्छ भने भाले सुँगुरलाई के भनिन्छ ?**

✍ बुचो

**२३. नेपालमा कुन अवधिलाई वन दशक घोषणा गरिएको छ ?**

✍ विसं २०७१-२०८०

**२४. एसियाडको इतिहासमा पहिलोपटक दुई सहरमा आयोजना गरिएको एसियाली खेलकुद प्रतियोगिता कुन हो ?**

✍ १८औँ एसियाड (सन् २०१८) (इन्डोनेसियाको जकार्ता र पलेम्वाङ)

**२५. नेपाल, भारत, भुटान तथा बङ्गलादेशमा सीधा बस सेवा सञ्चालनसम्बन्धमा गरिएको सम्झौतालाई के भनी चिनिन्छ ?**

✍ बीबीआईएन इनिसिएटिभ
(भुटानको थिम्पुमा सन् २०१५ जुन १५ मा भएको सम्झौता।)

**२६. नेपालले सर्वप्रथम बिप्पा सम्झौता गरेको राष्ट्र कुन हो ?**

✍ फ्रान्स

**२७. अमेरिकास्थित गोलकिपर्स गोल प्रोग्रेस अवार्ड-२०२० बाट सम्मानित हुन सफल नेपाली चेली को हुन् ?**



✍ बोनिता शर्मा
(कोभिड-१९ को महामारीबीच पनि नेपाली आमा र शिशुको पोषण स्वास्थ्य सुधारका लागि सक्रिय रहेर पुऱ्याएको योगदानको कदर गर्दै शर्मालाई सो अवार्ड प्रदान गरिएको।)

**२८. राष्ट्रिय मानवअधिकार आयोगलाई कहिलेदेखि संवैधानिक अङ्गका रूपमा व्यवस्था गरिएको हो ?**

✍ विसं २०६३ माघ १
(नेपालको अन्तरिम संविधान-२०६३ सँगै)

**२९. नेपालमा शासकीय सुधार कार्यक्रममा सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय निकाय कुन हो ?**

✍ एसियाली विकास बैङ्क

**३०. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक वर्तमान संविधान (२०७२) को कुन धारामा व्यवस्था गरिएको छ ?**

✍ धारा ३१ (३)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## • विषयगत प्रश्नोत्तर

# पूर्वाधार विकासका समस्या




**१. नेपालमा पूर्वाधार विकासमा देखिएका समस्याहरू के-के हुन् ? लेख्नुहोस्।**

✍ यातायात, विद्युत्, सञ्चार, सूचना प्रविधि, सहरी तथा ग्रामीण विकास, आवास तथा बस्ती विकास, भवन, विज्ञान तथा प्रविधि, पुनःनिर्माणलगायतका पक्ष पूर्वाधार विकास हुन्। नेपालमा पूर्वाधार विकासका लागि कानुनी र संस्थागत व्यवस्था गरिएको छ र पनि पूर्वाधार विकासमा विभिन्न समस्याहरू देखिएका छन्। जुन निम्न छन् :

- लगानीका लागि पुँजीको अभाव हुनु,
- अनुभवी एवम् दक्ष जनशक्ति नहुनु,
- राजनीतिक एवम् नीतिगत स्थिरता देखिए पनि पद्धति र प्रणालीको विकास नहुनु,
- भौगोलिक बनौट असुविधाजनक हुनु, उकालो, ओरालो, भीरपाखा, डाँडाकाँडा, गल्छीजस्ता ठाउँहरूमा विकास निर्माणका काम गर्न गाह्रो हुनु, ढिलो हुनु र खर्चिलो हुनु,
- मुलुकमा स्वदेशी एवम् विदेशी लगानीको अनुकूल वातावरण अझै तयार हुन नसक्नु,
- विकास कार्यमा संलग्न निकायहरूबीच कार्यगत समन्वय एवम् सहकार्य नहुनु,
- कानुनी एवम् संस्थागत संरचनाहरू समसामयिक हुन नसक्नु, जटिल हुनु, लगानीमैत्री हुन नसक्नु,
- कर छुट तथा सहुलियतको व्यावहारिक पक्ष कमजोर हुनु,
- सरकारी सेवा-सुविधाहरू लगानीमैत्री हुन नसक्नु,
- विकास निर्माणकार्यमा लगानी बढाउन मौद्रिक एवम् गैरमौद्रिक सुविधा, सहुलियत तथा प्रोत्साहनको व्यवस्था प्रभावकारी नहुनु,
- संस्थागत सुशासनको णअवस्था कमजोर रहनु, भ्रष्टाचार, ढिलासुस्ती एवम् अनियमितता अन्त्य हुन नसक्नु।

**२. पूर्वाधार विकास बैङ्कले गर्ने कार्यहरू के-के हुन् ? उल्लेख गर्नुहोस्।**

✍ नेपालमा बैङ्क तथा वित्तीय संस्थाको स्थापना, सञ्चालन, व्यवस्थापन, नियमन, निरीक्षण तथा सुपरीवेक्षणलाई व्यवस्थित गर्न तर्जुमा गरिएको बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन-२०७३ अनुसार न्यूनतम चुक्ता पुँजी, वित्तीय कारोबार तथा कार्यक्षेत्रका आधारमा नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई "क" वर्ग, "ख" वर्ग, "ग" वर्ग र "घ" वर्गमा विभाजन गरिएको छ। जसमा वाणिज्य बैङ्क र पूर्वाधार विकास बैङ्कलाई "क" वर्ग, विकास बैङ्कलाई "ख" वर्ग, वित्त कम्पनीलाई "ग" वर्ग र लघुवित्त संस्थालाई "घ" वर्गमा राखेको पाइन्छ। उक्त ऐनले उपरोक्त सबै वर्गका बैङ्क तथा वित्तीय संस्थाले गर्ने कार्यहरूको व्यवस्था गरेको छ। यसैअन्तर्गत पूर्वाधार विकास बैङ्कले गर्ने कार्यहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- पूर्वाधार विकाससम्बन्धी परियोजनाहरूमा कर्जा प्रवाह तथा सेयरमा लगानी गर्ने,
- पूर्वाधार विकाससम्बन्धी परियोजना सञ्चालन गर्ने कम्पनीहरूको धितोपत्रमा लगानी गर्ने,
- पूर्वाधार विकाससम्बन्धी परियोजनाहरू निर्माण तथा सञ्चालनका लागि आवश्यक मेसिन उपकरण तथा औजारको खरिद, बिक्री, आपूर्ति तथा जडानसम्बन्धी कारोबारका लागि प्रतीतपत्र खोल्ने तथा जमानतपत्रहरू जारी गर्ने,
- नेपाल राष्ट्र बैङ्कको स्वीकृति लिई पूर्वाधार विकाससम्बन्धी परियोजनाहरूमा लगानी गर्न आवश्यक रकम जुटाउनका लागि विभिन्न प्रकारका स्वदेशी विदेशी मुद्रामा वित्तीय उपकरण जारी गर्ने तथा ऋण प्राप्त गर्ने,
- दीर्घकालीन प्रकृतिको निक्षेप स्वीकार गरी तथा डिबेन्चर जारी गरी स्रोत परिचालन गर्ने,
- नेपाल राष्ट्र बैङ्कको स्वीकृति लिई 'लिजिङ' कारोबार गर्ने,
- विदेशी बैङ्क तथा वित्तीय संस्थाको जमानत स्वीकार गरी परियोजनामा कर्जा तथा सुविधा प्रदान गर्ने,
- नेपाल राष्ट्र बैङ्कले तोकेका अन्य कार्य गर्ने।

**३. वित्त नीति भनेको के हो ? वित्त नीतिको उद्देश्यहरू उल्लेख गर्दै ती उद्देश्यहरू प्राप्त गर्न वित्त नीतिका उपकरणहरू के-कसरी प्रयोग गरिन्छन् ? चर्चा गर्नुहोस्।**

✍ मुलुकको अर्थतन्त्रलाई कर, सरकारी खर्च र ऋणको माध्यमबाट आवश्यकताअनुसार प्रभावित गर्ने नीतिलाई वित्त नीति भनिन्छ। वित्त नीतिमार्फत सरकारले स्रोत-साधनहरूको परिचालन र बाँडफाँड गर्छ। यो समष्टिगत आर्थिक नीतिको एक अङ्ग हो। यसले अर्थव्यवस्थामा देखापर्ने आर्थिक मन्दी र मूल्यवृद्धि सामना गर्न मद्दत गर्छ। यसको कार्यक्षेत्र र प्रभाव वृहत् हुन्छ। यो राजनीतिक र सामाजिक जगमा उभिएको हुन्छ। यो सरकारले तर्जुमा गर्छ। यसको निकट सम्बन्ध सरकारको बजेटसँग हुन्छ। यो आर्थिक वर्ष प्रारम्भ हुनुभन्दा अगाडि जारी हुन्छ।

**वित्त नीतिको उद्देश्यहरू**

क. आर्थिक वृद्धि,
ख. आर्थिक स्थायित्व,
ग. सामाजिक न्याय

**वित्त नीतिका उपकरणहरू**

क. कर,
ख. सरकारी खर्च,
ग. सरकारी ऋण।

**वित्त नीतिका उपकरणहरूको प्रयोग**

वित्त नीतिका उपकरणहरूले वित्त नीतिका उद्देश्य आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्याय कायम गर्न योगदान दिएका हुन्छन्। यिनको प्रयोग निम्नानुसार हुने गर्छ :

**करको प्रयोग**

- आर्थिक वृद्धि हासिल गर्न उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छ। लगानीका लागि स्रोत-साधन जुटाउने काम करले गर्छ। निकासीमा छुट दिएर, दुर्गमका उद्योगलाई सहुलियत दिएर, बढी रोजगारी दिने उद्योग व्यवसायलाई सुविधा दिएर वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ।
- प्रगतिशील करले सामाजिक न्याय कायम गर्न मद्दत गर्छ। बढी आय हुनेलाई बढी कर लगाएर उठेको रकम गरिबी निवारण कार्यमा खर्च गर्न सकिन्छ। आयकरले सामाजिक न्याय कायम गर्न सहयोग गर्छ। भन्सार, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करले स्वदेशी उद्योगको संरक्षण गर्न, निकासी बढाउन मद्दत गर्छन्। यी सबै कार्यबाट वित्त नीतिका उद्देश्य प्राप्त हुन सहयोग हुन्छ।

**सरकारी खर्चको प्रयोग**

- सरकारी खर्चलाई पूर्वाधार निर्माण र उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दा आर्थिक वृद्धि हुन्छ।
- सन्तुलित बजेट कार्यान्वयन गर्दा आर्थिक स्थायित्व कायम गर्न सघाउ पुग्छ।
- शिक्षा, स्वास्थ्य, कृषिजस्ता क्षेत्रमा लगानी गर्दा गरिबलाई प्रत्यक्ष फाइदा पुग्छ। वृद्धभत्ता, पेन्सन, औषधोपचार आदि जस्ता सामाजिक सुरक्षाका क्षेत्रमा लगानी गर्दा सामाजिक न्याय कायम गर्न सघाउ पुग्छ।

**सरकारी ऋणको प्रयोग**

सरकारले घाटा बजेटमार्फत ऋण सङ्कलन गर्छ। पुँजीगत खर्च जुटाउन घाटा बजेट ल्याउने गरिन्छ। यसबाट आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्छ। तर, बढी मात्रामा उठाउने सरकारी ऋणले मुद्रा स्फीति बढाउन सक्छ, निजी क्षेत्र साधनविहीन हुन सक्छ, त्यसैले यी कुरालाई ध्यान दिई सरकारी ऋण परिचालन गर्नुपर्छ।

**४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को गठन तथा काम, कर्तव्य र अधिकारबारे लेख्नुहोस्।**

✍ विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ ले प्रधानमन्त्रीको अध्यक्षतामा एक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् गठन गरेको छ। जुन निम्न छ :

(क) प्रधानमन्त्री
- अध्यक्ष

(ख) नेपाल सरकारका मन्त्रीहरू
- सदस्य

(ग) प्रतिनिधिसभाको विपक्षी दलको नेता
- सदस्य

(घ) सबै प्रदेशका मुख्यमन्त्री
- सदस्य

(ङ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष
- सदस्य

(च) नेपाल सरकारको मुख्य सचिव
- सदस्य

(छ) प्रधानसेनापति, नेपाली सेना
- सदस्य

(ज) गृह मन्त्रालयको सचिव
- सदस्य

(झ) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिमध्येबाट कम्तीमा एकजना महिलासहित परिषद्बाट मनोनीत तीनजना
- सदस्य

(ञ) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख
- सदस्य सचिव

उपरोक्तबमोजिमको मनोनीत सदस्यको पदावधि पाँच वर्षको हुने, मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्ने तर त्यसरी सदस्यबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनुपर्ने व्यवस्था छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार :

- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति तथा योजना स्वीकृत गर्ने,
- विपद् व्यवस्थापनसम्बन्धमा अङ्गीकार गर्नुपर्ने नीतितथा योजनाका सम्बन्धमा कार्यकारी समिति र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई आवश्यक निर्देशन दिने,
- विपद् व्यवस्थापनसम्बन्धी कार्यमा प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,
- विपद् व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्नेसम्बन्धमा कार्यकारी समिति तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने र सोका लागि आवश्यक सहजीकरण गर्ने,
- विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूको मूल्याङ्कन गर्ने,

**५. संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरू के-के हुन् ? उल्लेख गर्नुहोस्।**

✍ सन् १९४५ अक्टोबर २४ मा स्थापनाभएको संयक्त राष्ट्र सङ्घका उद्देश्यहरू निम्न छन् :

- अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायमगर्नु,
- राष्ट्रहरूबीच मैत्रीपूर्ण सम्बन्ध विकसित गर्नु,
- राष्ट्रहरूबीच समानताको स्थिति सिर्जना गर्नु,
- अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहनगर्नु,
- मानवको मर्यादा र मूल्यमा अभिवृद्धि गर्नु,
- मानव समुदायलाई युद्धको प्रकोपबाट जोगाउनु।

**६. नेपालको संविधानका पाँचवटा विशेषताहरू के-के हुन् ? उल्लेख गर्नुहोस्।**

✍ विसं २०७२ असोज ३ गतेदेखि लागू गरिएको सयौँ विशेषतायुक्त नेपालको संविधानका पाँचवटा विशेषता निम्न छन् :

क. सङ्घीयता,
ख. गणतन्त्र,
ग. समावेशिता,
घ. स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
ङ. आवधिक निर्वाचन।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**